Email: dotiakc@gmail.com
फोन नं. ०९४-४११२६

सुदूरपश्चिम प्रदेश सरकार
# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
डोटी

प.स.०८२/०८३
च.नः

## कृषि उपज संकलन केन्द्र निर्माणको लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/१०/०८)

कृषि ज्ञान केन्द्र डोटीको चालु आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम लक्ष अनुसार तपसिलमा उल्लेखित (लागत साझेदारीमा कृषि उपज संकलन केन्द्र निर्माण , शिखर नगरपालिका भित्र ) कार्यक्रम संचालन गर्न सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्धन नियमावली २०७९(प्रथम संसोधन २०८०) बमोजिम सम्बन्धित पालिका भित्रका कृषक समूह/कृषि सहकारी संस्थाहरुले निम्नानुसारको कागजातहरु संलग्न राखी तोकिए बमोजिमको ढांचामा यस कार्यालयमा सूचना प्रकासन भएको मितिले १५ दिन भित्र (मिति २०८२/१०/०८ देखि २०८२/१०/२२ गते सम्म ) आर्वेदन/निबेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सार्बजनिक सूचना प्रकाशित गरिएको छ। साथै समय भित्र प्रस्ताव पेश नगरेमा , माग गरिएका सम्पूर्ण कागजातहरु पेश नगरेमा ,रित नपुगेको वा म्याद नाघि आएको आबेदनमा कुनै कारवाही नहुने र कार्यक्रममा समाबेश गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल :-**

| क्र.स | कार्यक्रम /क्रियाकलाप | ईकाई | वार्षिक लक्ष | |
|---|---|---|---|---|
| | | | परिणाम | बजेट रु लाखमा |
| १ | लागत साझेदारीमा कृषि उपज संकलन केन्द्र निर्माण , शिखर नगरपालिका | संख्या | १ | १० |

**निबेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :-**

१. रु १० को टिकट टासेको निबेदन -१ प्रति ।
२. कृषक समूह/कृषि सहकारी /संस्था दर्ता प्रमाणपत्रको प्रतालिपि (म्याद नाघेको भएमा नबिकरण गरिएको प्रमाणपत्रको प्रतिलिपि )-१ प्रति ।
३. कृषक समूह /कृषि सहकारी/संस्थाको प्यान (□□□) दर्ता प्रमाणपत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि – १ प्रति ।
४. कृषक समूह/कृषि सहकारी /संस्थाको आ.व. २०८१/०८२ को लेखा परिक्षण प्रतिबेदनको प्रतिलिपि -१ प्रति ।
५. कृषक समूह /कृषि सहकारी /संस्थाको बैठकबाट कार्यक्रम प्रस्ताव पेश गर्नुपर्ने लागत साझेदारी गर्ने रकम एकिन गर्ने ,कम्तिमा १० वर्ष सम्म कृषि उपज संकलन केन्द्र संचालन गर्ने प्रतिबद्दता , संचालन तथा मर्मत सम्भार कार्यविधि आवेदक संस्थाको बैठकबाट निर्णय गरिएको प्रतिलिपि -१ प्रति ।



०८२/१०/०८

CamScanner

Email: dotiakc@gmail.com
फोन नं. ०९४-४११११२६

सुदूरपश्चिम प्रदेश सरकार
# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
डोटी

सुदूरपश्चिम प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय कृषि ज्ञान केन्द्र,डोटी

प.स.०८२/०८३
च.नः

६. सडक ,बाटो ,बिजुली,पानीको सुबिधा भएको स्थान र कृषि उपज संकलन केन्द्र निर्माण गरिने स्थानको जग्गा आवेदक समूह /सहकारी/ संस्थाको नाममा लालपुर्जा भएको प्रमाणहरु (जागा धनि प्रमाणपत्रको (लालपुर्जा) प्रतिलिपि ,सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ,समबन्धित पालिकाबाट कृषि उपज संकलन केन्द्र निर्माणको लागि दिएको अनुमति/सहमति पत्रको प्रतिलिपि -१ प्रति ‌|
७. कृषक समूह /कृषि सहकारी /संस्थाक सबै सदस्यहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि – १/१ प्रति |
८. आवेदकको तर्फबाट लागत साझेदारी अनुसार जुटाउन सक्ने प्रमाण ( लागनी गर्ने प्रतिबद्दता जनाएको बैंकपत्र वा बैंकमा संस्थाको नाममा रहेको बैंक मौज्दादको स्टेटमेन्ट वा अन्य प्रमाणहरु -१ प्रति |
९. आवश्यक पर्ने मेसिन ,औजार ,उपकरणहरुको हकमा बैधानिक आपुर्तिकर्ताबाट जारि गरिएको प्राबिधिक स्पेसिफिकेसन सहितको कोटेसन १/१ प्रति |
१०.सेवा प्रदान गर्ने क्षेत्रका कृषि उपज उत्पादक कृषकहरुका संस्थासंग कृषि उपज संकलन केन्द्रबाट दिने सेवा सम्बन्धि सम्झौता पत्र तथा सर्तहरु (बस्तु ,परिणाम ,समयावधि ,डर आदि विषयहरु समेटिएको )
११.कार्यक्रम संचालन सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्धन नियमावली २०७९ (प्रथम संसोधन २०८०) बमोजिम ,आर्थिक ऐन , खरिद ऐन लगायत अन्य सरकारी नियम कानूनको परिधि भित्ररही कार्यक्रम संचालन गरिने छ |
१२.प्रस्ताब पेशगर्दा सबै कागज पत्रहरुमा संस्थाको छाप लगाई प्रतिलिपि प्रमाणित गरि पेश गर्नुपर्ने छ |

आबेदन शुल्क : (सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्धन नियमावली २०७९ (प्रथम संसोधन २०८०) बमोजिमको)

(१.)रु १००० फिर्ता नहुने गरि आवेदन दस्तुर आवेदनका साथ् बुझाउनु पर्नेछ |

<u>राजस्व जम्मा गर्न बैंक सम्बन्धि जानकारी :</u>

बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक सिलगढी | कार्यालयाको कोड : ३१२०१७१०२७
कार्यालयको नाम : कृषि ज्ञान केन्द्र ,डोटी | प्रायोजन :- अन्य प्रशासनिक शेवा शुल्क
राजस्व शिर्षक न. : १४२२९

नोट : थप जानकारीका लागि यस कार्यालयको सम्पर्क नं. : ०९४-४११२६ र मोबाइल नं. ९८५८४८४१२६ वा ९८५८४९११२६ वा ९८६६१०९५३६ मा सम्पर्क गर्न सकिनेछ |

०८२।८०।०८
दुर्गा प्रसाद ओझा
नि.कार्यालय प्रमूख
निमित्त कार्यालय प्रमुख

"व्यवसायीक र सृजनशील प्रशासन: विकास, समृद्धि र शुसासन"

सम्पर्क नं.०९४-४११११२६ईमेल : dotiakc@gmail.com , Website: doti.akc.gov.np

CamScanner